**मितिः २०८२।३।८ गते, समयः ८:०० वजे विहानको, बैठक संख्याः १५**

**कार्यपालिकाको वैठकका निर्णयहरु**

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णयः** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २**: आ.व. २०८२।०८३ को नीति कार्यक्रम तथा बजेट सभामा पेश गर्ने सम्बन्धमा।

**निर्णयः** आगामि आ.व. २०८२।०८३ को नीति कार्यक्रम, बजेट बक्तब्य, आर्थिक विधेयक २०८२ र विनियोजन विधेयक २०८२ नगर सभामा पेश गर्ने। बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भए अनुसार केही संशोधन सहित वडालाई सिलिंग १५ लाख उपलब्ध गराउने।

**प्रस्ताव नं. ३**: आ.व. २०८२।०८३ का लागि बजेट विनियोजनकालागि माग गर्ने सम्बन्धमा।

**निर्णयः** आगामि आ.व. २०८२।०८३ का लागि देहायका योजनाहरु समावेश गर्न श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाण्डौंलाई अनुरोध गर्ने।

क. डडेल्धुरा अस्पतालमा टमा सेन्टर निर्माण गर्न रु २० करोड।

ख. श्रलिंग स्वास्थ्य चौकी निर्माण तथा स्तरउन्नति वडा नं १० रु ५० लाख।

ग. स्याउले स्वास्थ्य चौकी निर्माण तथा स्तरउन्नति वडा नं १ रु ३ करोड।

**प्रस्ताव नं. ४**: राष्टपति रनिडंग सिल्ड संचालनको भुक्तानी सम्बन्धमा।

**निर्णयः** जिल्ला स्तरमा संचालन भएको राष्टपति रनिगंसिल्ड प्रतियोगिता आयोजना भएको जिल्ला खेलकुद विकास समितिलाई रु १ लाख र सितरियो जिल्ला कराते संघलाई रु २५ हजार मिल्दो शिर्षकबाट भुक्तानी गर्ने।

**प्रस्ताव नं. ५**: सडकको नामांकरण सम्बन्धमा।

**निर्णयः** यस नगरपालिकामा पर्ने बागबजार बगरकोट लामकांडे सडकको नामांकरण एण्डी प्रकाश मार्ग कायम गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने।

**स्ताव नं. ६**: नगरपालिकाको कार्यालय स्तानान्तरण गर्ने सम्बन्धमा।

**निर्णयः** यस नगरपालिकाको कार्यालयको प्रशासनिक भवनको क्षेफल कम भएकाले यस कार्यालयको जग्गा तथा भवन जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने र जिल्ला समन्वय समितिको भवन यस कार्यालयलाई उपलब्ध गराउन जिल्ला समन्वय समिति डडेल्धुरा र श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने।

२०८२।४।८

प्रमुख प्रशासकीय अधिकृत